# खुम्बु पासाङल्हामु गाउँपालिका
# सोलुखुम्बु जिल्ला,
# प्रदेशनं .१,नेपाल
# स्थानीय सरकारबाट प्रकाशित
# खुम्बु पासाङल्हामु गाउँपालिकाराजपत्र

## खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने विधेयक, २०७९

**विक्रम संवत् २०७९ सालको ऐन नं. ०२**

**पारित मिति : २०७९/०४/०६** **स्थानीय राजपत्रमा प्रकाशित मिति: २०७९/०४/१०**

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम खुम्बु पासाङल्हामु गाउँपालिकाको दोश्रो गाउँ सभाको एघाह्रौं अधिवेशनले यो ऐन पारित गरी लागू गरेको छ।

### १. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

१) यो ऐनको नाम "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९" रहेको छ।

२) यो ऐन खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

### २. परिभाषा

१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "ऐन" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका सम्झनु पर्दछ।

घ) "सभा" भन्नाले संविधानको धारा (२२२) बमोजिमको गाउँसभालाई सम्झनु पर्दछ।

ङ) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनु पर्दछ।

## ३. नियम बनाउने अधिकारः

१) नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नका निमित्त खुम्बु पासाङल्हामु गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्ने विषयमा बनाइनेछ।

## ४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः

१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही खुम्बु पासाङल्हामु गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।